नेपाल सरकार

## गृह मन्त्रालय

# राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग

सिंहदरवार, काठमाडौं

## एम.आई.एस. अपरेटर (राजपत्र अनङ्कित प्रथम श्रेणी सरह) र फिल्ड सहायक (राजपत्र अनङ्कित द्वितीय श्रेणी सरहको) पद करारमा पदपूर्तिका लागि अनलाईन दरखास्त आव्हानको सूचना

(प्रथम पटक सूचना प्रकाशित मितिः २०७६/०५/१७)

यस विभागबाट सञ्चालित सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता प्रणाली सुदृढीकरण आयोजना अन्तर्गत ७५३ वटै स्थानीय तहमा रहने सेवा इकाईमा आवश्यक एम.आई.एस. अपरेटर र फिल्ड सहायक पदमा खुल्ला प्रतिस्पर्धाद्वारा करारमा नियुक्ति गर्नुपर्ने भएकाले देहाय बमोजिमका योग्यता पुगेका ईच्छुक नेपाली नागरिकहरुबाट यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १५ दिनभित्र (२०७६/०५/३१ गते अपरान्ह ५:०० बजेसम्म) यस विभागको वेबसाईट **https://donidcr.gov.np** को "Application" लिङ्क वा **http://application.donidcr.gov.np** मार्फत अनलाईन दरखास्त आव्हान गरिएको छ ।

१. पद : **एम.आई.एस. अपरेटर** (राजपत्र अनङ्कित प्रथम श्रेणी सरह)
   - क. आवश्यक पद संख्याः ९९४ जना
   - ख. आवश्यक न्यूनतम योग्यताः मान्यता प्राप्त शिक्षण संस्थाबाट १०+२ मा कम्प्यूटर विषय लिई उत्तीर्ण गरेको वा प्रविणता प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण गरेको र मान्यता प्राप्त संस्थाबाट कम्तिमा ६ महिना कम्प्यूटर सम्बन्धी तालिम प्राप्त गरेको ।

२. पद : **फिल्ड सहायक** (राजपत्र अनङ्कित द्वितीय श्रेणी सरह)
   - ग. आवश्यक पद संख्याः ९९५ जना
   - घ. आवश्यक न्यूनतम योग्यताः मान्यता प्राप्त शिक्षण संस्थाबाट एस.एल.सी. वा सो सरह उत्तीर्ण गरेको ।

३. माथि उल्लिखित पदहरुका लागिः
   - क. तलबः नेपाल सरकारको नियमानुसार
   - ख. दरखास्त दिने अन्तिम मितिसम्म अठार वर्ष पुरा भई चालीस बर्ष ननाघेको ।
   - ग. भविष्यमा सरकारी सेवाका लागि अयोग्य ठहरिने गरी कुनै कारवाहीमा नपरेको ।
   - घ. मान्यता प्राप्त शिक्षण संस्थाबाट एस.एल.सी. वा सो सरह उत्तीर्ण गर्ने एवं ग्रेडिङ्ग प्रणाली लागू भए पश्चात प्रवेशिका परीक्षा (एस.एल.सी.) वा सो सरह परीक्षा उत्तीर्ण गर्ने उम्मेदवारहरुको हकमा GPA 2 वा सोभन्दा माथिको ग्रेड प्वाइण्ट प्राप्त गरेकोलाई र प्रविणता प्रमाणपत्र तह एवं माध्यमिक शिक्षा परीक्षा (S.L.C.E.) उत्तीर्ण गर्ने उम्मेदवारहरुको हकमा कक्षा ११ र १२ का प्रत्येक विषयहरु (सैद्धान्तिक एवं प्रयोगात्मक) मा न्यूनतम D+ र C.G.P.A. 1.6 प्राप्त गरेकोलाई सम्बन्धित शैक्षिक योग्यता हाँसिल गरेको मानिनेछ ।

४. दरखास्त दिने तरीकाः (दुवै पदका लागि)
   - (क) विभागको वेभसाईट **https://donidcr.gov.np** मा रहेको "Application" लिङ्क वा **http://application.donidcr.gov.np** मा गई उम्मेदवारले कुनै एक पदको लागि कुनै एक स्थानीय तह छनौट गरी अनलाईन दरखास्त दिनुपर्नेछ ।
   - (ख) उम्मेदवारले दुईवटा पदमा दरखास्त दिन चाहेमा छुट्टाछुट्टै दरखास्त दिनुपर्नेछ ।

५. उल्लेखित दुवै पदमा दरखास्त दिंदा कुनै दस्तुर लाग्ने छैन ।

६. करार अवधि एक पटकमा बढिमा एक वर्षको हुनेछ । काम सन्तोषजनक भएमा आयोजना अवधि (ई.सं. २०२१ नोभेम्बर) सम्म एक पटकमा एक वर्षमा नबढ्ने गरी करार सम्झौता नविकरण गर्न सकिनेछ ।

७. <u>दरखास्त फाराम भर्दा अपलोड गर्नुपर्ने कागजातहरुः</u>
   - (१) नेपाली नागरिकताको प्रमाणपत्र,
   - (२) पासपोर्ट साईजको फोटो (हालसालै खिचेको),
   - (३) न्यूनतम शैक्षिक योग्यताको लब्धांकपत्र (Transcript),
   - (४) न्यूनतम शैक्षिक योग्यता भन्दा एक तह माथिल्लो शैक्षिक योग्यता भएमा सोको लब्धांकपत्र (Transcript),
   - (५) एम.आई.एस. अपरेटरको हकमा प्रविणता प्रमाणपत्र तह वा १०+२ मा कम्प्यूटर विषय लिई अध्ययन नगर्नेको हकमा कम्प्यूटर तालिमको प्रमाणपत्र,
   - (६) कार्यानुभव भएमा सोको प्रमाणपत्र,
   - (७) उम्मेदवारको दस्तखतको स्क्यान कपि ।